# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, आश्विन २४ गते २०२३ साल [संख्या २४

श्री ५ को सरकार

अर्थ–मन्त्रालय

**रेडियो लाइसेन्स ( दोस्रो संशोधन ) नियमहरू, २०२३**

रेडियो लाइसेन्स नियमहरू, २०१६ (यसपछि मूल नियमहरू भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले रेडियो ऐन, २०१४ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "रेडियो लाइसेन्स (दोस्रो संशोधन) नियमहरू, २०२३" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन् ।

२. मूल नियमहरूको नियम २ मा संशोधनः– (१) मूल नियमहरूको नियम २ को खण्ड (ग) को सट्टा देहायबमोजिमको खण्ड (ग) राखिएको छः–

(ग) "लाइसेन्स दिने अधिकारी" भन्नाले अञ्चलाधीशलाई सम्झनु पर्छ ।

(२) मूल नियमहरूको नियम २ को खण्ड (ग) पछि देहाय बमोजिमको खण्ड (घ) थपिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "लाइसेन्स रिन्यू गर्ने अधिकारी" भन्नाले नेपाल कानूनबमोजिम रेडियो लाइसेन्स रिन्यू गर्ने अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ ।

३. मूल नियमहरूको नियम ५ मा संशोधनः– मूल नियमहरूको नियम ५ को सट्टा देहाय–बमोजिमको नियम ५ राखिएको छः–

५. लाइसेन्सको रिन्यूवल र दस्तुरः– (१) लाइसेन्स रिन्यू गर्ने नजिकको अधिकारीबाट प्रत्येक वर्ष लाइसेन्सको रिन्यूवल गराउनुपर्ने छ ।

(२) लाइसेन्स रिन्यू गर्दा लाइसेन्स दस्तूर सरह नै रिन्यूवल दस्तूर लिइने छ ।

४. मूल नियमहरूको नियम ६ मा संशोधनः– (१) मूल नियमहरूको नियम ६ को उप–नियम (१) मा रहेको "नियम ४ बमोजिम बुझाउनुपर्ने लाइसेन्स दस्तूर" भन्ने शब्दहरूको सट्टा "नियम ५ बमोजिम बुझाउनुपर्ने लाइसेन्स रिन्यूवल दस्तूर" भन्ने शब्दहरू राखिएको छ ।

(२) मूल नियमहरूको नियम ६ को उप–नियम (१) को प्रतिबन्धात्मक वाक्यांश खण्ड (क) मा रहेको "लाइसेन्स दिने अधिकारीले" भन्ने शब्दहरूको सट्टा "लाइसेन्स रिन्यू गर्ने अधिकारीले" भन्ने शब्दहरू राखिएको छ ।

५. मूल नियमहरूको नियम ९ मा संशोधनः– मूल नियमहरूको नियम ९ मा रहेको "लाईसेन्स दस्तूर" भन्ने शब्दहरूको सट्टा "लाइसेन्स रिन्यूवल दस्तूर" भन्ने शब्दहरू राखिएको छ ।

६. मूल नियमहरूको नियम १३ मा संशोधनः– मूल नियमहरूको नियम १३ को सट्टा देहाय-बमोजिमको नियम १३ राखिएको छः–

१३ दण्ड सजायः– (१) नियम ८ वा ९ वा १० उल्लंघन गर्ने व्यक्तिलाई लाइसेन्स दिने अधिकारीले रू. १००।– सम्म जरिवाना गर्न सक्ने छ ।

(२) नियम ५ वा ६ को उल्लंघन गर्ने व्यक्तिलाई लाइसेन्स रिन्यू गर्ने अधिकारीले बढीमा रू १००।– सम्म जरिवाना गर्न सक्ने छ ।

(३) उप–नियम (२) बमोजिम लाइसेन्स रिन्यू गर्ने अधिकारीले गरेको दण्ड–बापत आएको रुपैयां श्री ५ को सरकारको सर्वसंचित कोषमा दाखिल गर्नुपर्ने छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६८